स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २२, अंक ३१९ पृष्ठ ८ | काठमाडौं, मंगलबार १३ चैत २०८० | चैत्र कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४४ | TUESDAY, MARCH 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# लोडसेडिङप्रति उद्योगीको आपत्ति

**विजयकुमार सिंह । ढल्केवर**

नेपाल विद्युत् प्राधिकरणको ठूलो सबस्टेसन रहेको धनुषाको ढल्केवर क्षेत्रमा भइरहेको विद्युत् लोडसेडिङप्रति उद्योगीले आपत्ति जनाएका छन्। उद्योगीहरूको संगठन मधेस प्रदेश उद्योग परिसंघले मंगलबार प्राधिकरणको ढल्केवर ग्रिड शाखालाई ज्ञापनपत्र बुझाउँदै विगतमा गरिएको सहमति कार्यान्वयन गर्न जोड दिएको छ। प्राधिकरणले विगतमा ढल्केवर क्षेत्रभित्र पब्लिक र औद्योगिकका लागि विद्युत् लोडसेडिङ नपर्ने र कटौती नहुने गरी सहमति गरेको थियो। तर उक्त सहमतिलाई लत्याएर हाल ढल्केवर क्षेत्रभित्र पब्लिक र उद्योग सञ्चालनको विद्युत् दैनिक १२ घण्टासम्म लोडसेडिङमा राखिँदा यहाँका उद्योगी र स्थानीय मर्कामा परेको ज्ञापनपत्रमा उल्लेख छ। प्राधिकरणले गरेको सहमति उल्लंघन नगरी ढल्केवरमा विद्युत् नकाट्ने नीति अवलम्बन गरिदिन उनीहरूले अनुरोध गरेका छन्। ज्ञापनपत्र बुझ्दै प्राधिकरण ढल्केवर ग्रिड शाखा प्रमुख इन्जिनियर मनोज साहले विद्युत् अपग्रेड गर्ने कार्य चलेकाले केही समयका लागि बाध्यतावश विद्युत् काट्नु परेको उल्लेख गरे।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

# एकै दिन थपिए २३ चार्जिङ स्टेसन




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत २७ गते*

- पृथ्वी राजमार्ग, अरनिको राजमार्ग र काठमाडौँ उपत्यकालाई लक्षित गर्दै यी स्टेसन निर्माण गरिएका हुन् ।
- साझा यातायातले पनि ठुला बस चार्ज गर्न मिल्ने देशकै ठुलो चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ ।

बागमती प्रदेशमा २३ नयाँ चार्जिङ सञ्चालनमा ल्याइएको छ । युएस एआइडीको ऊर्जा नेपालको अनुदानसहित निजी क्षेत्रको लगानीमा तयार यी स्टेसन मङ्गलबार एकैपटक सञ्चालनमा ल्याइएका हुन् । यससँगै एउटा मोबाइल इभी चार्जिङ स्टेसन पनि उद्घाटन गरिएको छ ।

ऊर्जा नेपालको तीन लाख ४६ हजार अमेरिकी डलर अनुदान र निजी कम्पनीको एक लाख ८५ हजार अमेरिकी डलर लगानीमा यी फास्ट चार्जिङ स्टेसन सञ्चालनमा ल्याइएको हो । २३ मध्ये १७ चार्जिङ स्टेसन यात्री डिजाइन स्टुडियोले र छ वटा इ–स्टप नेपालले स्थापना गरेका हुन् । यात्रीले परीक्षण र प्रचार प्रसार प्रयोजनका लागि एउटा मोबाइल चार्जिङ स्टेसन पनि निर्माण गरेको हो । पृथ्वी राजमार्ग, अरनिको राजमार्ग र काठमाडौँ उपत्यकालाई लक्षित गर्दै यी स्टेसन निर्माण गरिएका हुन् ।

नेपाल सरकारले तय गरेको शून्य कार्बन उत्सर्जनको अन्तिम लक्ष्य र त्यसअघिका आवधिक लक्ष्य परिपूरण गर्ने उद्देश्यले विद्युतीय सवारीको सहजता र सर्वसुलभता कायम गर्न यस्तो सहायता गरिएको युएस एआइडीका निमित्त मिसन निर्देशक कारिन वेल्चले जानकारी दिनुभयो । “निजी क्षेत्रलाई समेत प्रवर्धन गर्ने गरी हामीले गरेको यो सहायता परिचालन नेपालको ऊर्जा क्षेत्रको रूपान्तरणका लागि सहायकसिद्ध हुने छ,” उहाँले भन्नुभयो, “सरकार र अन्य साझेदारसँग यस्ता कार्यमा सहकार्य बढाउन हामी अझै तत्पर छौँ ।” सरकारले सन् २०३० सम्ममा निजी सवारी बिक्रीको ९० प्रतिशत र सार्वजनिक सवारीको ६० प्रतिशत बिक्री विद्युतीय सवारी पुऱ्याउने लक्ष्य लिएको छ ।

चार्जिङ स्टेसन उद्घाटन कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतीय सवारी प्रवर्धनका लागि चार्जिङ पूर्वाधार सुविधा विस्तारले यस्ता सवारी प्रयोगमा अझै व्यापकता आउने अपेक्षा गर्नुभयो । प्राधिकरणले आफैँ ५१ वटा सार्वजनिक चार्जिङ स्टेसन निर्माण गरेर यो काम आरम्भ गरेको थियो,” उहाँले भन्नुभयो, “अहिले दातृनिकायको अनुदान सहयोगमा २३ वटा स्टेसन सञ्चालनमा आउँदा स्वच्छ ऊर्जा प्रवर्धनमा नयाँ सन्देश प्रवाह गर्ने छ ।”

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवले चार्जिङ स्टेसनको व्यावसायिक सञ्चालनमा निजी क्षेत्रले थालेको पहलले स्वच्छ ऊर्जा प्रवर्धनमा उल्लेख्य योगदान पुऱ्याउने बताउनुभयो । ऊर्जा नेपालले विद्युतीय सवारी प्रवर्धनका लागि निजी क्षेत्रका नयाँ सोच र क्षमता सदुपयोग गर्ने गरी यस्तो सहायता कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । यात्री र इ–स्टपले आफ्नो अन्य व्यावसायिक सोच बहुआयामिक बनाउन र व्यवसाय र सेवालाई गुणस्तरीय बनाउन चार्जिङ स्टेसन व्यवसायमा प्रवेश गरेको जनाएका छन् ।

## साझाले पनि चलायो चार्जिङ स्टेसन

मङ्गलबारै साझा यातायातले पनि ठुला बस चार्ज गर्न मिल्ने देशकै ठुलो चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ । उपत्यकाभित्र ४० विद्युतीय बस सञ्चालन गर्ने योजना अनुसार साझा यातायातले एकैपटक २४ वटा ठुला बस चार्ज गर्न मिल्ने गरी साझा यातायात परिसर पुल्चोकमा चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको हो ।

चार्जिङ स्टेसनको भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले उद्घाटन गर्नुभयो । साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितका अनुसार सरकारले उपलब्ध गराएको तीन अर्ब रुपियाँ अन्तर्गतै यी चार्जिङ स्टेसन सञ्चालनमा ल्याइएको हो । साझा परिसरमा भएका चार्जिङ स्टेसनमा १.१ मेगावाट विद्युत् खपत हुन्छ । साझा यातायातले थप चार्जिङ स्टेसन विस्तार गर्न काठमाडौँ उपत्यकाका १८ पालिकासँग सहकार्य गर्न चाहेको जनाइएको छ ।

साझाले हाल नौ मिटर लामो ५० यात्रु क्षमताका ७१ डिजल र ४० विद्युतीय गरी १११ बस सञ्चालन गरिरहेको छ । निकट भविष्यमै १२ मिटर लामो बस ल्याउने उपत्यकाबाहिरको सेवा विस्तार गर्ने लक्ष्य राखेको छ ।

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
ekantipur.com

# आफ्नै चार्जिङ डिपोसहित साझाका ४० विद्युतीय बस

**कान्तिपुर संवाददाता** (काठमाडौं)

साझा यातायात सहकारी संस्था लिमिटेडले १.१ मेगावाट क्षमताको चार्जिङ डिपोसमेत सञ्चालनमा ल्याएको छ। साझा यातायात सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालय पुल्चोकमा मंगलबार आयोजित एक कार्यक्रममा उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठले चार्जिङ डिपो उद्घाटन गरे।

मुलुककै ठूलो १.१ मेगावाट क्षमताको विद्युतीय चार्जिङ डिपो निर्माण गरी सञ्चालनमा ल्याइएको साझाको दाबी छ। केन्द्रीय कार्यालय परिसरमा साझाले दुई नोजलयुक्त ११ वटा विद्युतीय चार्जरसहितको डिपो सुरुवात गरेको हो। डिपो उद्घाटनसँगै ४० वटा विद्युतीय बसको पनि शुभारम्भ गरिएको छ।

जीबीटी टाइपको चार्जिङ पोर्ट रहेको हरेक चार्जरको क्षमता ८८ किलोवाट आवर छ। विद्युत् आपूर्तिका लागि ११०० किलोवाट (१.१ मेगावाट) को ४ वटा ट्रान्सफर्मर जडान गरिएको छ। डिपोमा एक पटकमा २२ वटा बस चार्ज गर्न सकिने साझाले जनाएको छ।

सार्वजनिक यातायात सेवाका क्षेत्रमा साझाले पुऱ्याएको सेवा सकारात्मक रहेको उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री महासेठले बताए। यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा आफू सोही मन्त्रालयको मन्त्री रहँदा साझालाई विश्वास गरी विद्युतीय बस खरिद र सञ्चालनका लागि ३ अर्ब रुपैयाँ प्रदान गरेको उनले सम्झिए। सार्वजनिक यातायात सेवालाई व्यवस्थित र सहज तुल्याउन देशभर नै विद्युतीय बसको सञ्चालनलाई प्राथमिकतामा राखिएको उनको भनाइ छ।

साझा यातायात सहकारी संस्था अन्य सहकारी संस्थाको तुलनामा अब्बल बन्दै सबैलाई उदाहरणीय बन्न सक्नुपर्ने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले बताए। सुरुवातमा चार्जिङ स्टेसन निर्माणका लागि जग्गा अभाव रहने गरेकामा अहिले स्टेसन निर्माणको क्रमले तीव्रता पाएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको भनाइ छ। साझाले समेत चार्जिङ स्टेसन निर्माण गरेकाले आफूलाई खुसी लागेको उनले जनाए। विद्युतीय बस चार्ज गर्दा दिनको १ लाख युनिट बिजुली खपत गरेको घिसिङले बताए।

चार्जिङ स्टेसनको अभावमा संस्थाका विद्युतीय बस पूर्ण रूपमा सञ्चालनमा आउन नसकेकामा अब भने चार्जिङको समस्या नरहने र बस सेवालाई निरन्तरता दिन सकिने साझाका अध्यक्ष कनकमणि दीक्षितले जनाए। संस्थाले थप विद्युतीय बस खरिद गर्ने, सार्वजनिक यातायातसम्बन्धी प्राविधिक, आर्थिक र सामाजिक पक्ष अध्ययन गर्न 'साझा यातायात अध्ययन र परिचालन केन्द्र' स्थापना गर्ने, वित्तीय संस्थासँगको सहकार्यमा 'यात्रा कार्ड' पुनः प्रयोगमा ल्याउने, साझा प्रान्तीय सेवा सुरु गर्नेलगायत योजना लिएको दीक्षितको भनाइ छ।